धर्मदेवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## मुढेशनिश्चरे, सङ्खुवासभा

१ नं.प्रदेश, नेपाल

**नदिजन्य पदार्थ बिक्रि शुल्क सङ्कलन गर्ने कार्य सम्बन्धमा शिलबन्दी बोलपत्र आव्वानको १५ दिने सुचना !**

(प्रथम पटक प्रकाशित मिति २०७८/०५/१४)

स्थानिय सरकार सञ्चार ऐन, २०७४ को दफा ६२(क) तथा सर्वजानिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ मा भएको वयवस्था अनुसार नगरपालिका क्षेत्रबाट प्रारम्भिक वातावरणीय परिक्षण (IEE) मा उल्लेखित परिमाणमा तोकिएको मापदण्डको नियम अनुसार हुने ढुङ्गा, गिटी, बालुवा, उत्खनन् संकलन र बिक्रिमा कर संकलन गर्ने कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र नियम अनुसार शिलबन्दी बोलपत्र मार्फत पेश गर्न हुन सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | ठेक्काको विवरण | ठेक्काको क्षेत्र | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | उत्खनन परिमाण | वार्षिक न्युनतम अङ्क (मु. अ. क.) बाहेक रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३/०७८/०७९ | नदिजन्य पदार्थहरको विक्रि शुल्क उठाउने कार्य | धर्मदेवी नगरपालिकाको नगर क्षेत्रमा पर्ने पिलुवा, माया, केवा खोला र अरुण नदि आसपासका क्षेत्र | विक्री शुल्क ढुङ्गा गिटी बालुवा रोडा ग्रावे प्रति क्यु. फि. रु. ४/- (चार रुपैयाँ) | १६०.८५ घ.मि. प्रतिदिन | रु. २०,००,०००/- | रु. ३,०००/- | |

**शर्त तथा बन्देज :-**

१. ईच्छुक योग्य बोलपत्र दाताहरुले यस कार्यालयमा वा यस कार्यालयको नेपाल एस.बि.आई. बैंक धर्मदेवी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग-१.१ ४१३९५२४१२०७००४ मा बोलपत्र पत्र दस्तुर बापत जम्मा गरेको भौचर साथै फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी यो सुचना प्रकाशित मितिले १५ दिन भित्र यस कार्यालबाट बोलपत्र खरिद तथा पेश गर्न सकिने छ।

२. बोलपत्र सुचना प्रकाशित भएको मितिले १६ औ दिनको ठिक १२:०० बजे सम्म पेश गर्नु पर्नेछ र सोही दनको ठिक २:०० बजे फर्महरुको प्रतिनिधी सहित कार्यालयमा खोलिने छ तर सो दिन विदा परेमा भोलिपल्ट फर्मको प्रतिनिधी वा फर्मवाला उपस्थितिमा खेलीने छ । तर फर्मवाला उपस्थिति हुन नसकेमा बोलपत्रपत्र खोल्नु कुनै बाधा पर्ने छैन ।

३. ठेक्का लिन ईच्छुक व्यक्ति फर्मले बोल कबोल अङ्कको ५(पाँच) प्रतिशतले हुन आउने रकम धरौटि जम्मा गर्नु पर्ने छ वा ७५ दिन म्याद भएको वाणिन्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । धरौटी वापतको रकम यस कार्यालयको नेपाल एस.बि.आई. बैंक धर्मदेवी शाखामा रहेको धरौटी खाता नं. ग-३ ४१३२५२२४०६०००१० मा जम्मा गरी भौचर पेश गर्नुपर्नेछ ।

४. बोलपत्र फाराममा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । दर रेटको अंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईने छ ।

५.ढुङ्गा, गिटी, वालुवा उत्खनन् र संकलन गर्न र तोकिएको स्थानमा नापजाच गरी लैजाने व्यवस्था यस कार्यालयको निर्देशन बमोजिम हुनेछ ।

६. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार धर्मदेवी नगरपालिकामा निहित रहने छ ।

७. नेपाल सरकार १ नं. प्रदेश सरकार यस नगरपालिकाले दिएको निर्देशन बोलपत्रदाताले पालाना गर्नुपर्ने छ ।

८. ठेकेदारले कबोल गरेको रकम सम्झौता गर्दाकै बखत एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिइनेछ । यदि कस्ताबन्दि रुपमा बुझाउने भएमा तीन किस्तामा (पहिलो किस्ता ४० प्रतिशत मू.अ. कर सहित सम्भौता गर्दाको बखत, दोस्रो किस्ता पुष मसान्त भित्र ३० प्रतिशत र चैत्र मसान्त भित्र बाँकी ३० प्रतिशत) अनिवार्य बुझाउनु पर्नेछ ।

९. ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिती सिर्जना भएमा वा कार्यालय र ठेकेदार बीच कुनै विवाद भएमा नगरपालिकाको निर्णय अन्तीम हुने छ र सो नर्णय मान्नु ठेकेदारको कर्तव्य हुने छ ।

१०. ठेक्का अवधीभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । ठेक्का अवधिमा कारण जनाइ वा नजनाइ कुनै किसिमको छुट, माफी, मिनाहा माग्न पाइने छैन ।

११. IEE प्रतिवेदनमा उल्लेखित स्थानबाट मात्र नदिजन्य पदार्थहरु उत्खनन् गर्नु पर्ने छ ।

१२. स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निषेध गरेको भारी मेसिन उपकरण प्रयोग गर्न र तोकिएको समयावधिमा नदि क्षेत्रबाट सामग्री उत्खनन गर्न पाईने छैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री विक्रि गर्न सकिनेछ ।

१३. तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैक जमानतबाट सम्झौता अनुरुपको ठेक्का रकम असुल उपर गरिनेछ। सोमा ठेकेदारले कुनै किसिमको हर्जना दाबी गर्न पाउने छैन।

१४. पक्की पुलको ५०० मि वरिपरिको क्षेत्रबाट निर्माण सामग्री उत्खनन गरी विक्री तथा निकासी गर्न कानुनले पूर्ण रुपले प्रतिबन्द लगाएको हुँदा सो क्षेत्रबाट निर्माण सामग्री उत्खनन गर्न पाइने छैन ।

१५. यो ठेक्काको अवधी २०७९ जेष्ठ मसान्तसम्म  रहनेछ ।

१६. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत